२०८१ साल असार ८,९ र १० गते गते तदनुसार June 22,23,24 2024 शनिबार, आइतवार र सोमवार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. किसान सहुलियत दाना चल्ला सहकारी साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि पारित सम्वन्धमा ।

२. मानेभन्ज्याङ गाउँपालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति २०८१ सम्वन्धमा ।

३. रोजगार रणनीति सम्बन्धमा ।

४. मानेभन्ज्याङ गाउँपालिका अन्तरगतका विद्यालयमा कार्यान्वयन गरिने स्थानीय पठ्यक्रम सम्वन्धमा ।

५. आमा समूह सञ्चाल बिउँ पूँजी कार्यक्रम कार्यान्वयन निर्देशिका पारित सम्बन्धमा ।

६. आर्थिक विधेयक र विनियोजन विधेयक २०८१ पारित गरी सभामा पेश सम्बन्धमा ।

७. बालिका विकास बचत कोष (सञ्चालन तथा व्यवस्थापन) ऐन,२०८१ सम्बन्धमा ।

८. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन तथा कुल बजेट सिलिङ सम्बन्धमा ।

९. आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

१०. पालिकास्तरीय तथा वडास्तरीय योजना कार्यक्रम पारित गरी सभामा पेश सम्बन्धमा ।

CamScanner

**बैठकका निर्णयहरु:**

निर्णय नं.१: मानेभन्ज्याङ गाउँपालिकाको पशुजन्य उत्पादनमा वृद्धि गर्न तथा यस व्यवसायप्रति उत्प्रेरणा जगाउन कृषकलाई अनुदानमा दाना तथा चल्ला (बिउ पूँजी) वितरण गर्न "मानेभन्ज्याङ गाउँपालिकाको किसान सहुलियत दाना चल्ला सहकारी साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१" पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.-२: मानेभन्ज्याङ गाउँपालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति २०८१, आजको कार्यपालिका बैठकबाट पारित गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-३: मानेभन्ज्याङ गाउँपालिकाको आव २०८१/०८२-२०८५/८६ को पञ्च वर्षीय रोजगार रणनीति पास गरी सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: यस मानेभन्ज्याङ गाउँपालिकाको स्थानीय पाठ्यक्रम "हाम्रो मानेभन्ज्याङ गाउँपालिका"को तहगत र कक्षागत सक्षमता, विषय वस्तुको क्षेत्र र क्रम, विषयवस्तुको बिस्तृतीकरण, कृयाकलाप र मूल्याङ्कन प्रस्तुत भएकोमा आजको कार्यपालिका बैठकमा छलफल गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: यस मानेभन्ज्याङ गाउँपालिकाको विपन्न, गरिब तथा पिछडिएको महिलाहरुको सशक्तीकरण गर्नको लागि मानेभन्ज्याङ गाउँपालिका स्तरीय आमा समूह सञ्जाल बिउँ पूँजी कार्यक्रम कार्यान्वयन निर्देशिका-२०८१ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले आजको कार्यपालिका बैठकमा मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक विधेयक २०८१ माथी छलफल गरी पारित गर्दै गाउँसभामा पेश गर्ने निर्णय गरियो । त्यस्तै, गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले मानेभन्ज्याङ गाउँपालिकाको विनियोजन विधेयक-२०८१ पारित गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-७: वालिकाहरुको अधिकारको सम्मान र संरक्षण गर्न, बालिकाहरुको आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा योगदान गर्दै समावेशी समाज निर्माणका लागि बालिका विकास बचत कोष(सञ्चालन र व्यवस्थापन) ऐन,२०८१ लाई पारित गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-८: स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको सिफारिस अनुसार यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को विभिन्न शीर्षकवाट प्राप्त हुने अनुदान तथा आयको प्रक्षेपण गरी कार्यपालिकामा पेश हुन आएको हुंदा आजको कार्यपालिका बैठकमा छलफल गरी राजश्व परामर्श समितिको प्रतिवेदन वमोजिम गाउँपालिकाको आन्तरिक राजस्व, बाँडफाँडबाट प्राप्त राजस्व, संघीय सरकार र प्रदेश

सरकारबाट प्राप्त हुने सबै प्रकारका अनुदान तथा यस चालु आ.व. मा खर्च नभइ बाँकी रहेका अल्या वजेट समेत गरी तपसिल अनुसार आम्दानी तथा कुल बजेटको सिलिङ हुने अनुमान प्राप्त भएकोले आजको बैठकबाट अनुमोदन गरी सभामा पेश गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

| सि. नं. | आम्दानीका क्षेत्रहरु | आ.व.२०७९/८० को यथार्थ | आ.व.२०८०/८१ को जेठ मसान्तसम्मको प्राप्त | आगामी आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|---|
| क | आन्तरिक आम्दानी | | | |
| १ | भूमीकर/मालपोत दस्तुर | ४,९२,९३३/- | | ४,००,०००/- |
| २ | घर बहाल कर | २,९०,५४३/- | | ३,००,०००/- |
| ३ | सरकारी सम्पतिको बहालबाट प्राप्त कर | ६,३०,४७०/- | | ५,००,०००/- |
| ४ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | २,०६,५७६/- | | ६,००,०००/- |
| ५ | नाता प्रमाणित दस्तुर | १,४६,८००/- | | १,००,०००/- |
| ३ | व्यक्तिगत घटना दस्तुर | १,४८,५००/- | | १,५०,०००/- |
| ४ | सिफारिस दस्तुर | २,९३,३६८/- | | ३,००,०००/- |
| ५ | अन्य बिक्रीबाट प्राप्त रकम | ३,३९०००/- | | ३,००,०००/- |
| ६ | अन्य सेवा शुल्क तथा बिक्री | १३,८८,४५०/- | | ३०,००,०००/- |
| ७ | अन्य प्रशासनिक सेवा शुल्क | ३,५२,६४९/- | | ३,५०,०००/- |
| ८ | अन्य कर | २,३०,५६३/- | | १७,००,०००/- |
| ९ | अन्य राजश्व | १०,१५०२७ | | ३,००,०००/- |
| | जम्मा | ५५,३४,८७९/- | ३४,४४,९७७/- | ८०,००,०००/- |
| ख | बैंक मौज्दात | ८,४८,३१,०३७/- | ६,७५,८९,७८६/- | २,००,००,०००/- |
| ग | बाँडफाँडबाट प्राप्त राजश्व | | | |
| १ | संघीय राजश्व बाँडफाँड | ६,८५,३४,१७६- | ६,३०,२२,५९७/- | ९,०४,९२,३७९/- |
| २ | सवारी साधन कर बाँडफाँड | ३९,५८,०२३/- | ३२,३७,२१८/- | ४२,४७,०००/- |
| ३ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | ० | ५,००,०००/- |
| ४ | बाँडफाँड भइ प्राप्त रोयल्टी | ० | ० | २०००/- |
| ५ | दहत्तर वहत्तर बिक्री आय | | ८,८१,०००/- | २६,००,०००/- |
| | जम्मा | ७,२४,९२,१९९/- | ६,७१,४०,८१५/- | ९,७८,६८,३७९/- |
| घ | संघीय सरकारवाट प्राप्त वित्तीय हस्तान्तरण | | | |
| १ | संघीय वित्तीय समानीकरण | ९,५२,२०,०००/- | ६,६६,००,०००/- | ८,७९,००,०००/- |
| ३ | सशर्त अनुदान चालु | २१,९८,७७,०००/- | २१,३९,३३,०००/- | २१,७२,००,०००/- |
| ४ | सशर्त अनुदान पूँजीगत | १,६२,७०,०००/- | २,४३,७५०००/- | १,४४,००,०००/- |
| ४ | समपूरक अनुदान | ६०,००,०००/- | ६०,००,०००/- | १,००,००,०००/- |
| ५ | विशेष अनुदान | | १,१५,००,०००/- | २,८५,००,०००/- |
| | जम्मा | ३३,७३,६७,०००/- | ३२,२४,०८,०००/- | ३५,८०,००,०००/- |
| ग | प्रदेश सरकारवाट प्राप्त वित्तीय हस्तान्तरण | | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | प्रदेश समानीकरण | ४७,२६,७५०/- | ४०,५९,०००/- | ५३,७३०००/- |
| २ | सशर्त अनुदान चालु | ५,५५,०००/- | १२,११,२५०/- | २४,८८,०००/- |
| ३ | सशर्त अनुदान पूँजीगत | ९९,१९,०००/- | ५८,१९,२५०/- | ९३,०२,०००/- |
| ४ | समपुरक अनुदान पूँजीगत | १,००,००,०००/- | ७५,०००००/- | १,००,००,०००/- |
| | जम्मा | २,५२,००,७५०/- | १,८५,८९,५००/- | २,७१,६३,०००/- |
| | कुल जम्मा | ५२,५४,२५,८६५/- | ४७,९१,७३,०७८/- | ५१,१०,३१,३७९/- |

निर्णय नं. ९: आ.व.२०८१/८२ को नीति तथा कार्यक्रमका बारेमा छलफल गरी मानेभन्ज्याङ गाउँपालिकाको दोस्रो गाउँसभाको पन्ध्रौं अधिवेशनमा पेश गर्नको लागि आजको कार्यपालिका बैठकबाट पारित गर्ने निर्णय गरियो । नोटः नीति तथा कार्यक्रम पछाडी अनुसूचीमा राखिएको छ ।

निर्णय नं.-१०: आ.व.२०८१/८२ को दोस्रों गाउँसभाको पन्ध्रौं अधिवेशनमा पेश गर्नको लागि आजको कार्यपालिका बैठकबाट वडास्तरीय योजना तथा कार्यक्रम, शाखागत तथा पालिकास्तरीय कार्यक्रम र योजनाहरु, कार्यालय सञ्चालन तथा प्रशासनिक बजेट साथै संघसंस्थासँग साझेदारीका कार्यक्रमहरु पारित गर्ने निर्णय सर्व सम्मत गरियो ।

नोटः कार्यक्रम तथा योजना अनुसूचीमा राखिएको छ ।

